१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY






विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष–१७ ।। अङ्क : ५७ ॥ २०८१ चैत २० गते बुधवार (2nd Apr 2025 Wednesday) **Pratidin** National Daily मूल्य–रु.५/-


# भुटानले देश निकाला गरेपछि अन्तर्राष्ट्रिय समुदायलाई गुहार



झापा (प्रस) । प्रजातन्त्रको घोषणापश्चात् पनि भुटान सरकारले आफ्ना नागरिकहरूलाई बलपूर्वक देश निष्कासन गर्ने र बेपत्ता पार्ने काम अझै गरिरहेको भन्दै भुटानी राजनीतिक दलहरुले दीर्घकालीन समाधानका लागि पहल गरिदिन अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरेका छन् ।देश निकाला गरिएका चारजना प्रहरी हिरासतमा छन् भने अन्य ६ जना बेपत्ता छन् । केही दिनअघि अमेरिकामा पुनर्वास भएकामध्ये दश जना भुटानीलाई देश निकाला गरिएको र चार्टर विमानद्वारा पारो विमानस्थल पुर्याई भुटान सरकारलाई हस्तान्तरण गरिएको थियो । अमेरिकी अधिकारी फर्किएलगत्तै भुटानले ती शरणार्थीहरूलाई मध्यरातमा सरकारी सवारी साधनमा राखी भारतीय सीमापार गराएको थियो । यसरी सीमापार गराइएकामध्ये आशिष सुवेदी, रोशन तामाङ र सन्तोष दर्जी नेपालस्थित शरणार्थी शिविरमा पुगेका थिए ।

त्यस्तै सोमवार राति मेचीनगर -४ स्थित मिलनटुङ्ग सीमा नाकामा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका ३० वर्षीय अशोक गुरुङलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा बुझाइएको छ । अन्य ६ जना सम्पर्कविहीन बनेका छन् । यसरी भुटानले देश निकाला गर्ने र बेपत्ता बनाउने कार्यले आफूहरु स्तब्ध र चिन्तित भएको राजनीतिक दलका प्रमुखहरुले बताएका छन् । हाल चारजना इलाका प्रहरी कार्यालय काँकरभिट्टाको हिरासतमा छन् । जबकि अन्य ६ जनाको अवस्था अझैसम्म अज्ञात छ । शरणार्थी नेताहरुले विश्वका सबै संस्थाहरू, अन्तर्राष्ट्रिय समुदाय, एम्नेष्टी इन्टरनेशनल र विशेष गरी भारत र नेपालस्थित अमेरिकी दूतावासलाई उनीहरूको खोजी गर्न र राज्यविहीनता एवं पहिचानविहीनता हुने स्थितिबाट बचाउन अपिल गरेका छन् ।

शरणार्थी नेताहरुले पीडितहरूको मानवको रूपमा बाँच्न पाउने न्यूनतम अधिकार सुनिश्चित गर्नका लागि सहयोग गर्न , भुटानी नागरिकहरूलाई पटक-पटक शरणार्थी बन्नबाट बचाउन , शरणार्थी समस्याको दीर्घकालीन तथा पूर्ण समाधानका लागि बहुपक्षीय वार्ताको विकल्प नहुँदा यथाशीघ्र यस सम्बन्धमा नेपाल सरकारको अग्रसरतामा अन्तर्राष्ट्रिय जगतको सकारात्मक पहल गर्न ,हालै भुटानबाट गलत तरिकाले निष्कासित गरिएका र तीन दशक अघिदेखि स्वदेश फर्कन लालायित सबै भुटानीहरूलाई आफ्नै देशमा सहज रूपले बस्नसक्ने वातावरण सिर्जना गर्नका लागि दीर्घकालीन समाधानको पहल र समर्थनका लागि जोडदार माग गरेका छन् ।

भूटान पिपल पार्टीका अध्यक्ष बलराम पौड्याल, डूक नेशनल काँग्रेस-प्रजातान्त्रिक अध्यक्ष रिन्जिन दोर्जी , भूटानी शरणाली प्रतिनिधि स्वदेश फिर्ती समितिका कार्यबाहक अध्यक्ष तिलक राई , भूटान स्वतन्त्र जनमञ्चका महासचिव डि. वि. सुब्बा र नेशनल रिकन्सिलेशन कमिटी भुटानका संयोजक कृष्णबीर तामाङले मंगलवार संयुक्त प्रेस विज्ञप्ति जारी गरी ध्यानाकर्षण गराएका हुन् ।

# भुटानले लखेटेका गुरुङ पनि आइपुगे

झापा(प्रस) ।भुटानले लखेटेर नेपाल प्रवेश गर्न खोज्ने अर्का पूर्व शरणार्थी पनि पक्राउ परेका छन् । सोमवार राति ७:५० बजे मेचीनगर -४ स्थित मिलनटुङ्ग सीमा नाकामा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका व्यक्तिलाई सीमा नाकामा ड्युटिमा खटिएको सशस्त्र प्रहरी बलले चेकजाँच गर्दा परिचय खुल्ने उनीसंग कुनै पनि परिचयपत्र थिएन । आफूलाई अमेरिकाबाट फिर्ता आएको भुटानी नागरिक बताउने ३० वर्षीय अशोक गुरुङलाई नियन्त्रणमा लिई राति ९:०५ बजे ईलाका प्रहरी कार्यालय काँकरभिट्टामा बुझाइएको छ ।

यसअघि शुक्रवार तीनजना पूर्व शरणार्थी पक्राउ परेका थिए । उनीहरुलाई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ । अमेरिकाबाट निष्काशित भएर भुटान फर्केका १० जना पूर्व शरणार्थीहरुलाई भुटान सरकारले आफ्नो देशमा बस्न नदिई नेपालतिरै लखेटेको थियो । ती दश जनामध्ये तीन जना पानीट्यांकी हुँदै दमक नगरपालिका वडा न.३ बेलडाँगी शिबिर पुगेका थिए । बाँकी ६ जना भारतको पानीट्यांकीमा बसेको हुनसक्ने आशंका गरिएको छ ।

# हिंसात्मक प्रदर्शनमा संलग्न झापाका ६ जना पक्राउ

झापा(प्रस) । दुर्गा प्रसाईको खोजी कार्य तीव्र पारेको प्रहरीले चैत १५ गतेको राजावादीहरुको राजधानीको हिंसात्मक प्रदर्शनमा संलग्न थप १८ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा झापाका ६ जना रहेका छन् । १८ जनामध्ये ८ जनामाथि राज्यविरुद्धको कसूर र संगठित अपराधसम्बन्धी कसूरमा म्याद थप गरी अनुसन्धान भइरहेको छ भने अरुलाई आपराधिक उपद्रव कसूरमा म्याद थपिएको छ । राज्यविरुद्धको कसूर र संगठित अपराधसम्बन्धी कसूरमा पक्राउ पर्नेहरुमा झापा कमल ३ का ४६ वर्षीय तारानाथ बोहरा , दमक ७ का ४३ वर्षीय दानबहादुर न्यौपाने , दमक ७ कै ३९ वर्षीय भानुभक्त पौडेल, ३८ वर्षीय उमेश तामाङ र झापा बिर्तामोड २ का ४३ वर्षीय देवीप्रसाद संग्रौला रहेका छन् । पक्राउ परेका संग्रौला नागरिक बचाउ महाअभियान केन्द्रीय सचिवालय सदस्य तथा ऋण एशोसिएसनका केन्द्रीय संयोजक हुन् । त्यस्तै आपराधिक उपद्रव कसूरमा बुद्धशान्ति ४ की सीतादेवी राई पनि पक्राउ परेकी छन् ।यता दुर्गा प्रसाईं झापामै रहेको आशंका गर्दै प्रहरीले सर्च अपरेशन जारी राखेको छ । प्रसाईको निवास र सम्भावित क्षेत्रमा केही दिनदेखि सर्च अपरेसन जारी राखिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । संभावित ठाउँहरुमा खोजी गर्दा प्रसाईलाई अहिलेसम्म फेला पार्न नसकिएको उनले जानकारी दिए ।



# गाईपालनमा रमाउँदै पूर्व जनप्रतिनिधि

• **लक्ष्मी उप्रेती**

मेचीनगर । देशभित्रै प्रशस्त अवसर हुँदाहुँदै पनि रोजगारीको सिलसिलामा धेरै युवा विदेसिरहेका छन् । तर केही त्यस्ता पनि परिश्रमी छन्, जो देशभित्रै बसेर कृषिकर्म र पशुपालनमा रमाइरहेका छन् ।

झापा मेचीनगर –८ का राजकुमार कार्कीले आफ्नो जीवनका अधिकांश बसन्तहरु जनप्रतिनिधि भएर र विदेशमा श्रम गरेरै बिताए । जनप्रतिनिधि हुँदाको भोगाई त ठिकै लाग्यो उनलाई तर, वैदेशिक रोजगारका लागि विदेशी भूमिमा बिताएका ती दिनहरु सम्झँदा अहिले पछुतो लाग्छ ।

जनप्रतिनिधि भएर गरेका कामबाट उनी त खुसी नै थिए, तर विदेशमा पुगेर ठगिएर त्यहाँ बिताएको उमेर र समय सम्झिँदा भित्रभित्रै मन बेखुस छ । उनले १२ वर्ष विदेशी भूमिमा पसिना बगाए । आफ्नो परिश्रम र सीप बेचेर जीवन गुजारे । विदेसिनुअघि केही सामाजिक सेवाको काममा समेत उनी तल्लीन थिए । यही सिलसिलामा २०४८ सालको स्थानीय निकायको निर्वाचनमा तत्कालीन नगरोन्मूख काँकरभिट्टा गाविसको वडा नम्बर–६ को वडाध्यक्षको टिकट पाए । जनताले उनलाई जिताएर नगरोन्मूख काँकरभिट्टा गाविसको जनप्रतिनिधि बनाइदिए ।

झापा जिल्लाका दुई प्रमुख बजारहरू काँकरभिट्टा र धुलावारीलाई वि.सं. २०५३ माघ ११ गते मिलाएर मेचीनगर नगरपालिका घोषणा गरियो । तत्कालीन वडा नम्बर –६ वडा नम्बरमा –७ मा परिणत भयो । वि.सं. २०५४ को पहिलो चुनावमा नेपाली काँग्रेसका तर्फबाट कार्कीले वडा नम्बर –७ को वडाध्यक्षमा टिकट पाए । चुनावमा बाजी मारेकै कारण वडा नम्बर –७ को वडाध्यक्ष निर्वाचित भई वि.सं. २०५९ को असार मसान्तसम्म पदमा बहाल रहेका थिए । जनप्रतिनिधि भएपछि वडाबासीको काम र सामाजिक कार्यमा व्यस्त बने राजकुमार ।

जतिबेला स्थानीय जनप्रतिनिधिविहीन बने, त्यसवेला उनी वैदेशिक रोजगारका लागि मलेसिया हानिए । त्यहाँ उनले १२ वर्ष बिताए ।



शुरुमा एउटा काम गर्ने भनेर एजेन्टमार्फत त्यहाँ पुगेका कार्कीले पोल्ट्री फर्ममा काम पाए । दुःखसुख त्यही काम गरे । तर, त्यस काममा उनको चित्त बुझेन । 'शुरुमा एउटा काम गर्ने भनेर मलाई त्यहाँ लगियो त्यहाँ पुगेपछि अर्के काममा लगाईयो' कार्कीले भने–' तर, पनि गएको ऋण तिर्नु नै थियो र, १२ वर्ष विदेश बसेर फर्के ।'

विदेशबाट फर्किएपछि उनले कृषिकर्म रोजे । विदेशमा गर्ने श्रम देशभित्रै गर्न सके मनग्य आम्दानी हुने सोचका साथ कार्कीले 'कार्की कृषि फर्म' मेचीनगर–८ दर्ता गरेर व्यावसायिकरुपमा पशुपालन गर्न थाले । राजनीतिले मात्रै जीवन गुजारा नहुने भन्दैं उनले आम्दानीको स्रोतका लागि व्यवसाय गरेका हुन् । उनले राजनीति सँगसँगै पशुपालन व्यवसायलाई समेत अगाडि बढाएका छन् । जुन कुरा अरुका लागि प्रेरणा बनेको छ ।

यतिबेला गोबर सोर्ने, कुटी काट्ने, दुध दुने, दुध डेरीमा पुर्‍याउनेदेखि गाईको स्याहारसुसारमा उनको दिन बित्ने गरेको छ । गाईपालनलाई व्यावसायिक पेशा बनाएका कार्की अहिले निकै खुशी छन् । उनी आफ्नो वडामा व्यावसायिक कृषक जन्माउन लागिपरेका छन् । कुनै समय १० देखि १५ वटासम्म उन्नत जातका गाई थिए । उनको फर्ममा अहिले ५ वटा गाई छन् । कुनै ब्याउने छन् भने कुनै दुध दिदैंछन् ।

कुनै बेला दैनिक ४० लिटर दूध विक्री गर्दै आएका कार्कीले गाईफार्मलाई विस्तार गर्ने योजना बनाएका छन् । गाईपालनलाई नै मुख्य परिचय बनाउने उद्देश्यसहित उनले यो व्यवसाय शुरु गरेका हुन् । दूध विक्रीबाट सम्पूर्ण खर्च र बैंकको किस्ता तिरेर राम्रै आम्दानी हुने उनले जानकारी दिए । जनप्रतिनिधि भएर पनि कहाँ गाई पालेको भन्ने पनि निकै थिए । तर उनलाई काम गर्न लाज लागेन । 'जनप्रतिनिधि त केही समयका लागि मात्रै हो, यही व्यवसायलाई निरन्तरता दिन्छु ' उनले थपे । यसैबाट आत्मसन्तुष्टि मिलेको बताउँदै उनले व्यवसायमा थप लगानी गर्ने योजना रहेको बताए । दूध विक्रीका लागि बजारको कुनै अभाव नरहेको उनको भनाइ छ ।

'विदेशबाट फर्केपछि मैले मेरो बाटो मोडेर कृषिकर्ममा लागेँ, अहिले कृषिमा रमाइरहेको छु । कार्कीले भने । अहिले मेरो परिवार कृषिकर्ममा जुटिरहेको छ । ' कृषिकर्म गरेर नमुना बन्ने सोच आएरै


❖ **बाँकी अन्तिम पृष्ठमा**



**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड–8, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स–रे/डिजिटल एक्स–रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# प्याउली उपन्यासको विमोचन र परिचर्चा




• **द्रोण अधिकारी**

भद्रपुर । झापा भद्रपुरकी श्रष्टा बालिका बान्तवाद्वारा लिखित प्याउली उपन्यासको स्थानीय विमोचन तथा परिचर्चा गरिएको छ ।

भद्रपुर जेसीजसित प्याउली नाम दिएर भद्रपुर जेसीजले उपन्यासको स्थानीय विमोचन तथा परिचर्चा गरेको हो ।

जेसीजका अध्यक्ष शैलेस श्रेष्ठको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न परिचर्चा कार्यक्रममा उपन्यासको समीक्षा गर्दै सहप्राध्यापक चुडामणि वशिष्ठले आफ्नोपन बोकेर आएको उपन्यासले पूर्वी पहाडी जिल्ला भोजपुर, झापा हुँदै काठमाण्डौ र हङकङसम्मको भूगोलभित्र उपन्यासकारले गरेका संघर्षलाई आख्यान बनाएको बताए । सहप्राध्यापक वशिष्ठले उपन्यासभित्र अन्तरजातीय भागीविवाह, वैदेशिक रोजगारका कारण टुटेको दाम्पत्य जीवन, गरिबी, अभावसितको संघर्षको कथा रहेको बताए । उनले उपन्यासले नारीवाद बोकेर आउँदा नेपाली मौलिकपनसहितको पृथक पहिचान बनाएको उल्लेख गरे ।

अर्का समालोचक सहप्राध्यापक होम सुवेदीले नारी चेतभित्र अस्तित्व निर्माण भएको प्याउली आफैमा बिम्ब रहेको जनाउँदै आञ्चलिकता बोकेर किरात परम्पराको प्रयोग समेत उपन्यासले गरेको बताएका छन् । सहप्राध्यापक सुवेदीले भौतिक मानसिक र आध्यात्मिक सुखको खोजी गरिएको उपन्यासले पुरूषत्वभन्दा नारीत्व बलवान भएको देखाउन खोजेको प्रष्ट पारेका थिए ।

अर्की टिप्पणीकार लता खरेलले बेरोजगारी, अभाव र गरिबीका कारण आफ्नो देश छोडेर परदेश पस्ने नारीहरू संघर्षको मैदानमा नडगमगाउने साहसलाई उपन्यासले समेटेको बताइन् । भोजपुरबाट अवसरको खोजी गर्दै झापा सदरमुकाम दक्षिण पृथ्वीनगर झरेको राई माइलाले गरेको कठोर संघर्षबाट उपन्यासकारले जीवन जिउने कला सिकेर मन पराएर आफैं भागेर विवाह गरेको पतिले गति छोडेपछि एक्लै संघर्ष गरी भोगेका आरोह अवरोह नै उपन्यासको मूल विषय रहेको खरेलको टिप्पणी थियो ।

भद्रपुर जेसीजका कार्यक्रम संयोजक आरोग्य तिम्सेनाले स्वागत गरेको कार्यक्रमको सञ्चालन जेसीजका महासचिव हेडम्बराज निरौला तथा साहित्यकार खगेन्द्रा खुसीले गरेका थिए । कार्यक्रममा झापाका साहित्यानुरागीको उपस्थिति रहेको थियो ।

# राजवंशीलाई टाउकोमा ढुंगा प्रहार गर्ने शिवा पक्राउ



झापा(प्रस)। झापा गौरादह नगरपालिका वडा नं -७ जामबारी बस्ने ४४ वर्षीय कृष्णप्रसाद राजवंशीलाई टाउकोमा ढुंगाले हानेर घाइते बनाउने विक्रम शिवा पक्राउ परेका छन् । शिवसतासी नगरपालिका- १० घर भई जामबारीमा डेरामा बस्ने ३६ वर्षीय शिवाले सोमवार राति ११.४५ बजे सामान्य विवाद हुँदा ढुंगाले राजवंशीको टाउकोमा प्रहार गरेका थिए । ढुंगा प्रहार गर्नेशिवालाई पक्राउ गरी इलाका प्रहरी कार्यालय गौरीगंजमा राखिएको छ ।

घाइतेलाई उपचारको लागि दमक अस्पताल दमक पठाइएकोमा थप उपचारको लागि मंगलवार बिहान बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको प्रहरीले जनाएको छ ।

# देउराली साकोसले फिर्ता गर्यो सदस्यहरुको बचत




बिर्तामोड(प्रस)। बचत फिर्ता नपाएको भन्दै बिर्तामोड नगरपालिकाको न्यायिक समितिमा उजुरी दिएपछि देउराली बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरुको कारोबार मिलाएको छ ।

बचत फिर्ता नपाएको भन्दै बचतकर्ताहरु महेश सुनुवार, गर्जबहादुर मुखिया,अमुल राजवंशी र शेखराज निरौलाले गत असार ६ गते न्यायिक समितिमा उजुरी दिएका थिए । न्यायिक समितिले सम्बन्धित देउराली बचत तथा ऋण सहकारी संस्थालाई पत्राचार गर्न नपाई निवेदकहरु सहकारीमा गएर साधारण सभामा सहभागिता जनाएर बचतकर्ता र सहकारीबिचमा सहमति भएको न्यायिक समितिका संयोजक रहेका बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले जानकारी दिएका छन् ।केही दिनअघि बचत फिर्ता नगर्ने बिर्तामोडका चारवटा सहकारीविरुद्ध न्यायिक समितिमा उजुरी परेको समाचार प्रकाशित भएको थियो ।

# अपराध अनुसन्धानमा अब्बल बन्दै इलाम प्रहरी



झापा(प्रस) । प्रहरी उपरीक्षक एकनारायण कोइरालाले कमाण्ड सम्हालेदेखि नै अपराध अनुसन्धानमा इलाम प्रहरी सक्रिय भएर लागेको छ । छोटो अवधिमै इलाममा जघन्य अपराधका सफल अनुसन्धानहरु भएका छन् ।

प्रहरी उपरीक्षक कोइरालाले गत माघ २३ गतेदेखि जिम्मेवारी सम्हालेका छन् । त्यसयता विगत दुई महिनाको अवधिमा विभिन्न पाँचवटा जघन्य अपराधमा संलग्न अपराधीहरुलाई पक्राउ गर्न इलाम प्रहरी सफल भएको हो । अपराध नियन्त्रणमा प्रहरीको भूमिका महत्वपूर्ण पाइएको छ । कोइरालाले इलाम प्रहरीको नेतृत्व सम्हालेको भोलिपल्ट माघ २४ गते भएको हत्यामा संलग्नलाई इलाम प्रहरीले पक्राउ गरी कानुनको कठघरामा पुर्याएको छ । इलाम नगरपालिका ९ गोलबस्तीमा सोही ठाउँ वस्ने ३१ वर्षीय बिमल खवास र इलाम नगरपालिका १२ बस्ने २४ वर्षीय मगर माईला भनिने खड्कबहादुर लुङ्गेलीले ३२ वर्षीय मिलन सुनुवारलाई कुटपिट गरी हत्या गरेका थिए । कुटपिट गर्ने अभियुक्तहरुलाई जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको बिशेष टोलीले तदारुकताका साथ खोजतलास गरी माघ २७ गते पक्राउ गरेको थियो ।

पछिल्लो पटक आफ्नै गर्भवती श्रीमतीलाई हत्या गर्ने फाकफोकथुम गाउँपालिका ३ सल्लेरी बस्ने उमेश गिरीलाई पक्राउ गरी इलाम प्रहरीले सफल अपराध अनुसन्धान गरेको छ । त्यस्तै नाबालिकालाई ललाई फकाई जबर्जस्ती करणी गर्ने अभियुक्त तथा घटनालाई मिलाउन खोज्ने ब्यक्तिहरु समेतलाई इलाम प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मुख्य अभियुक्त माई नगरपालिका २ बस्ने २४ वर्षीय केशब गिरी र घटना मिलाउन पीडक पक्षलाई नगद दिने माई नगरपालिका २ बस्ने ५८ वर्षीय केदारनाथ गिरी, सोही स्थान बस्ने ४३ वर्षीय यादव भन्ने नारायण गिरी र सोही स्थान बस्ने ३८ वर्षीय पाँचथरे भन्ने तुलाधर अर्याल रहेका छन् । गत चैत ६ गते साँझ ६:३० बजे माई नगरपालिका २ सितलीस्थित चिया बगानमा नाबालिकालाई ललाई फकाई जबर्जस्ती करणी गरेको भनी पीडितका आमाले जिल्ला प्रहरी कार्यालय इलाममा जाहेरी दिएकी थिइन् । जाहेरी दिनासाथ प्रहरी निरीक्षक संजिव बोगटीको कमाण्डमा प्रहरी टोली खटिएर सोही दिन इलाम र झापाको सिमाना सुखानीमा लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको थियो ।

त्यस्तै गत फागुन ३ गते राति मृत फेला परेका इलाम नगरपालिका वडा नं. ४ भित्ते बस्ने ६७ वर्षीय देउप्रसाद चाम्लिङ राईको हत्यामा संलग्न सन्दकपुर १ छरछरे बस्ने ३२ वर्षीय राम राई र सोही ठाउँका २९ वर्षीय बिरेन भन्ने बिरेन्द्र राईलाई एक महिनापछि गत चैत ३ गते पक्राउ गर्न सफल भएको छ । प्रहरीले जघन्य खालका चारवटा हत्या र एउटा बलात्कारको सफल अनुसन्धान गरी अपराधीलाई पक्राउ गर्न सफल भएको हो । अपराध अनुसन्धानमा इलाम प्रहरी तदारुकताका साथ लागेको प्रहरी उपरीक्षक कोइरालाले बताए । लागूऔषधको समस्या बढ्दै गएको अबस्थामा त्यसलाई न्यूनीकरण गर्न विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिरहेको उनले जानकारी दिए । माघ २३ देखि बैशाख २३ सम्मको आफ्नो तीन महिने कार्य प्रगति समीक्षासहित सार्वजनिक गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक संजिव बोगटीले अहिले खासगरी इलाममा कर्तव्य ज्यान , जवर्जस्ती करणीजस्ता अपराध बढेको परिप्रेक्ष्यमा प्रहरीले क्वीक एक्सन संचालन गरिरहेको जानकारी दिए । उनले कुनै पनि घटनाको सूक्ष्म अनुसन्धान गरेर जरोसम्म पुगेर प्रतिवादीलाई पक्राउ गर्न सफल भएको जानकारी दिए । समाजमा घटिरहने यस किसिमका घटनाहरुलाई हुन नदिन जनचेतना , गस्ती , प्रचार प्रसार जस्ता कार्यहरु पनि गर्दै आएको उनको भनाई छ । गत माघ २० देखि चैत १८ गतेसम्म जवर्जस्ती करणीका ३ वटा मुद्धा दर्ता भएकोमा पाँच जना पक्राउ परेका छन् भने एकजना फरार छन् । त्यस्तै सोही अवधिमा लागूऔषधका ६ वटा मुद्धा दर्ता भएका छन् । लागूऔषधको कारोबारमा संलग्न ८ जना पक्राउ परेका छन् भने एकजना फरार छन् । प्रहरीले ५ ग्राम ३१० मिलिग्राम ब्राउनसुगर , लागूऔषधजस्तो देखिने सेतो धुलो १ ग्राम २० मिलिग्राम , लागूऔषधजस्तो देखिने कालो गिलो ( कानी) ३ ग्राम ३९० मिलिग्राम र मे १ च ४५२५ नं को पिकअप बरामद गरेको छ ।

इलाम प्रहरीले दर्ता भएका कसूर हरुका अभियुक्तहरुलाई प्रभावकार रुपमा पक्राउ गर्न सफल भएको देखिएको छ । माघ २० देखि चैत १८ सम्म दर्ता कसूरहरुको संख्या २५ रहेकोमा २० जना अभियुक्त पक्राउ परिसकेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । जुन प्रतिशतको आधारमा ८० प्रतिशत हो । त्यस्तै माघ २० देखि चैत १८ सम्म दर्ता कसूरहरुको अभियुक्त संख्या ४० रहेकोमा ३४ जना पक्राउ परेका छन् । ६ जना फरार छन् । ८५ प्रतिशत अभियुक्तलाई पक्राउ गर्न सफल भएको इलाम प्रहरीले जनाएको छ ।

# नाबालिकाहरुलाई जबरजस्ती करणी गर्ने दुई पक्राउ

झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय इलामले नाबालिकाहरुलाई जबरजस्ती करणी गर्ने दुईजना अभियुक्तलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा इलाम नगरपालिका ४ बरबोटे बस्ने २२ वर्षीय दिपेश नेपाली र चुलाचुली गाउँपालिका ६ तोरीबारी बस्ने ५१ वर्षीय हेमबहादुर बिश्वकर्मा रहेका छन् । नेपालीले परिवर्तित नाम (इलाम-ढ )लाई ललाई फकाई धाक धम्की दिई पटक पटक जबरजस्ती करणी गरेको अनुसन्धानबाट खुल्न आएको छ ।

घटनाको जानकारी प्राप्त हुनसाथ जिल्ला प्रहरी कार्यालय इलाम र अस्थाई प्रहरी पोष्ट बिब्ल्याटेबाट चैत १४ गते प्रहरी टोली खटिएर आफ्नै गाउँघरमा लुकिछिपी बसेको अवस्थामा नेपालीलाई पक्राउ गरेको थियो। पक्राउ परेका नेपालीलाई जिल्ला अदालत इलामबाट ७ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालय इलाममा राखी अनुसन्धान भइरहेको प्रवक्ता प्रहरी निरीक्षक संजिव बोगटीले बताए ।त्यसैगरी जबरजस्ती करणी गरेको अभियोगमा अर्का व्यक्ति पनि पक्राउ परेका छन् । पक्राउ पर्नेमा इलाम चुलाचुली गाउँपालिका -६ तोरीबारी बस्ने ५१ वर्षीय हेमबहादुर बिश्वकर्मा रहेका छन । उनले नाम परिवर्तन (इलाम-त) लाई किराना पसलमा सामान किन्न गएको बेला एक्लै भएको मौका पारी जबरजस्ती करणी गरेका थिए ।

घटनाको जानकारी प्राप्त हुनसाथ प्रहरी चौकी पेल्टिमारीबाट चैत १७ गते प्रहरी टोली खटिएर आफ्नै गाउँघरमा लुकिछिपी बसेको अवस्थामा बिश्वकर्मालाई पक्राउ गरेको थियो ।

पक्राउ परेका बिश्वकर्मालाई जिल्ला अदालत इलामबाट ७ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालय इलाममा राखी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक बोगटीले जानकारी दिएका छन् ।

## गाईपालनमा...

कार्कीले यो कर्म रोजेका हुन् । त्यहाँका स्थानीयका लागि प्रेरणाको स्रोत समेत हुन कार्की । 'उसवेलाको म जनप्रतिनिधि हुँ, तर म विदेशबाट आएर यतिबेला कृषिकर्ममा जुटिरहेको छु' उनले थपे । 'केही समय वैदेशिक रोजगारीमा पनि गएँ, तर विदेशमा सन्तुष्टि मिलेन,' उनले भने , ' अहिले आफ्नै देशमा व्यवसाय गर्दा आत्मसन्तुष्टि मिलेको छ ।' उनको देखेरै यहाँका स्थानीय पनि यतिबेला कृषिकर्ममा लागिरहेका छन् ।

यतिबेला कृषिमा लगानी लगाइरहेका कार्कीलाई कति लागेको छ भन्ने हिसाब किताब नै छैन । उनले वार्षिकरुपमा दुईदेखि अढाई लाख रुपैयाँ आम्दानी गरिरहेका छन् । विदेशबाट फर्केर पनि उनले गरेको कृषिकर्म देखेर स्थानीय दंग छन् । निर्वाहमुखी कृषिलाई विस्थापित गर्दै व्यावसायिक कृषितर्फ स्थानीयवासीको आकर्षण बढाउनु पर्ने कार्कीको भनाई छ । अहिले जनप्रतिनिधिलाई जागिरका रूपमा लिने प्रचलन रहेको भन्दैं कार्कीले जनप्रतिनिधि हुनुभन्दा पहिला किसान भएको र अहिले पनि कृषिकर्ममै रहेको बताए । कृषि अनुदान साँच्चैका किसानले नपाएको उनको गुनासो छ । विदेश जानुभन्दा पनि स्वदेशमै बसेर व्यवसाय गर्नुपर्ने सुझाव दिँदै उनले भने ,'विदेशमा गएर अरुको दास बन्नुभन्दा स्वदेशमै मालिक बन्नुपर्छ ।'


**असल संस्कार र समृद्धिका लागि एनएमसी**

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

**कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश**

## कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२०**

यस संस्थाको बचत तथा ऋण ब्यवसाय अन्तर्गतको सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपशिल :

| क्र.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति / पत्नी | जगगाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| | ज्योती आङदम्बे | मेचीनगर ८ | धन बहादुर आङदम्बे | मरिचमान आङदम्बे | बाबा लिम्बु | करमती लिम्बु | चन्द्रगढी |
| | प्रमोद राई | कमल ५ | जसमान राई | मन बहादुर राई | सुजा राई | प्रमोद राई | चन्द्रगढी |
| | बिष्णु प्रसाद सिग्देल | हल्दीबारी १ | गोपीकृष्ण सिग्देल | डिल्लीराम सिग्देल | - | बिष्णु प्रसाद सिग्देल | चन्द्रगढी |
| | अम्बर बहादुर कार्की | बिर्तामोड ८ | मान बहादुर कार्की | हस्त बहादुर कार्की | मन्जु कुमारी राजवंशी | जानुका देवी कार्की | चन्द्रगढी |
| | इश्वरी श्रेष्ठ | दमक १५ | इन्द्र कुमार श्रेष्ठ | नन्दलाल श्रेष्ठ | पथर बहादुर राना राई | ईश्वरी श्रेष्ठ | चन्द्रगढी |
| | सागर हमाल | भद्रपुर १ | महेश्वर बहादुर हमाल | मितप्रसाद उपाध्याय | सम्झना गुरुङ | सम्झना गुरुङ | चन्द्रगढी |
| | धनबहादुर विश्वकर्मा | भद्रपुर ९ | गर्भलाल विश्वकर्मा | दलबहादुर विश्वकर्मा | लिला विश्वकर्मा | धन बहादुर विश्वकर्मा | चन्द्रगढी |
| | सम्झना गुरुङ | अर्जुनधारा ५ | भनु गुरुङ | टिक बहादुर गुरुङ | सागर हमाल | सम्झना गुरुङ | चन्द्रगढी |
| | अन्जु ओली | हल्दीबारी १ | कोमल प्रसाद पन्त | नन्दलाल पन्त | टिकाराम ओली | टिकाराम ओली | गोलधाप |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

**भद्रपुर केचना क्षेत्रीय उपसमिति**



## सहकारीका गतिविधिबारे सचेत बनौं

- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरूसँग आर्थिक कारोवार नगरौं,
- एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नवसौ,
- सञ्चालकहरूलाई सहकारीको कर्मचारीको रुपमा नराखौ,
- नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- सहकारी संस्थाको सञ्चालन तथा कारोवारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिवारे सदस्यहरू सचेत बनौं ।
- सहकारी मूल्यमान्यताको पालना गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सहकारीको समीक्षा गरौं

आज ६८औं राष्ट्रिय सहकारी दिवस मनाइदैछ । २०१३ मा जारी भएको कार्यकारी आदेश २०१३ अन्तर्गत नेपालको पहिलो सहकारी 'बखानपुर सहकारी ऋण समिति' लगायतका सहकारी स्थापना भए भने सहकारी संस्था ऐन, २०१६ लागू गरिएपछि कार्यकारी आदेशअन्तर्गत दर्ता भएका सहकारी संस्थाहरू यसै ऐनअन्तर्गत दर्ता भएको मानिने व्यवस्था गरियो। सहकारी संस्था ऐन २०१६ र त्यसपछि लागू गरिएका विभिन्न ऐनअन्तर्गत विभिन्न समयमा विभिन्न सहकारी संघसंस्था स्थापना भए। जसको संख्या २०१७/१८ सम्म जम्मा ३८२, २०४६/४७ सम्म ९१७ र २०६९/७० सम्म २६,७४१ पुग्यो। २०७९/८० मा दर्ता रहेका करिब ३१,७१५ सहकारीमध्ये प्रारम्भिक सहकारी संस्था ३१,३७३ र सहकारी संघ ३४२ थिए। यी विभिन्न सहकारीका ७३ लाख सदस्य थिए, जसमध्ये ५६ प्रतिशत महिला भएको अनुमान छ। यिनीहरूले ९३ हजार जनालाई प्रत्यक्ष रोजगारी दिएका थिए।

सहकारीको प्रशासन, प्रवर्द्धन र नियमन गर्न विभिन्न संस्था स्थापना गरिए। २०१० सालमा सहकारी विभाग स्थापना गरियो भने २०१९ मा सहकारी प्रशिक्षण केन्द्र । २०२० सालमा सहकारी बैंक स्थापना गरियो, जसलाई २०२४ मा कृषि विकास बैंकमा रूपान्तरण गरियो। २०४८ मा राष्ट्रिय सहकारी बोर्ड स्थापना गरिएकोमा यसलाई २०८१ मा खारेज गरियो। २०५० मा राष्ट्रिय सहकारी संघ स्थापना भएको थियो, जुन २०५४ मा अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्य भयो। २०५७ मा कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालय नामकरण गरियो भने २०६९ जेठ ५ मा सहकारी तथा गरिबी निवारण मन्त्रालय बनाइयो। २०६० मा राष्ट्रिय सहकारी बैंक स्थापना गरियो भने २०६९ मा राष्ट्रिय सहकारी नीति २०६९ जारी गरेको थियो।


मुलुक संघीयतामा रूपान्तरण भएपछि सहकारी संघ, प्रदेश तथा स्थानीय तीनै तहको अधिकार क्षेत्र राखिएकाले प्रदेश तथा स्थानीय तहअन्तर्गतका सहकारीका लागि कानुनी व्यवस्था गर्न २०७४ मा नमूना प्रदेश तथा नमुना स्थानीय सहकारी कानुनहरू निर्माण गरिए। जसअन्तर्गत प्रदेश तथा स्थानीय सरकारहरूले आआफ्ना क्षेत्रमा सहकारी कानुन तय गरी कार्यान्वयन गरिरहेका छन्। संघ, प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्र भित्रका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न २०८१ मा एक राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गने व्यवस्था गरिएको छ।

सहकारीको अवधारणा परापूर्वकालदेखि विकसित हुँदै आएको भएता पनि सहकारी संस्थाहरू औपचारिक रूपमा अठारौं शताब्दीदेखि देखिन थालेको पाइन्छ। नेपालमा आधुनिक सहकारीको विकास भएको सात दशक पुग्न लाग्दा पनि यस क्षेत्रमा अपेक्षित प्रगति भएको छैन। सहकारीसम्बन्धी समसामयिक नीतिगत, कानुनी, संस्थागत तथा नियामक सुधार गरेर आगामी दिनमा सहकारीको स्वस्थ विकास गरिनु पर्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# आफ्ना केटाकेटीलाई कुन स्कुल भर्ना गर्ने!



• प्रविज्ञ रेग्मी

मेरो बच्चालाई कहाँ भर्ना गरौं? यो प्रश्नले अभिभावकलाई पिरोल्ने समय आएको छ।
एक शैक्षिक सत्य बुझी राखौं – स्कुलको नाम, प्रतिष्ठा वा श्रेणीले विद्यार्थीको शैक्षिक भविष्य पूर्णरूपमा सुनिश्चित गर्दैन। विद्यार्थीको सफलता र स्कुलको प्रतिष्ठा वस्तुगत रूपमा भिन्न छन्।
विशेषतः विद्यालयहरूले आफ्नो विशेष पहिचान दिन त्यहाँ भएका भौतिक संरचना, सुविधाहरू, विद्यालयको परीक्षा नतिजा र अन्य आफ्ना सबल पक्षहरूलाई प्रकाशित गर्दै आफ्नो प्रतिष्ठा निर्माण गर्छन्। तिनका आधारहरूमा उच्च श्रेणीको वा औसत स्कुलका रूपमा विभिन्न सञ्चारमाध्यमहरूले जानकारी दिन्छन्।

उपर्युक्त आधारहरू एक असल स्कुलका सूचक हुन सक्छन्। तर ती सूचकहरूले आफ्ना बालबालिकालाई शैक्षिक सुनिश्चितता दिन्छन् भन्ने प्रत्याभूतिलाई अभिभावकहरूले शतप्रतिशत आधार मान्न हुँदैन। यसलाई एक सहजै देखिने तथ्यले स्पष्ट पार्छ।
औसत वर्गमा पर्ने स्कुलका विद्यार्थीका शैक्षिक र विकासात्मक सफलता अनगिन्ती छन् र यस्तै उच्च श्रेणीका स्कुलमा पनि प्रशस्त संघर्षरत विद्यार्थी पाइन्छन्। कहिलेकाहीं औसत स्कुलले उच्च श्रेणीलाई माथ गर्छन्।

यस तथ्यले के स्पष्ट पार्छ भने, उच्च श्रेणी र औसत स्कुलमा विद्यार्थीका शैक्षिक सफलताका अन्य आधारहरू छन्।
ती वस्तुगत आधार अभिभावकहरूले पहिल्याउन सकेमा आफ्ना बालबालिकाका लागि स्कुल छनोट गर्न सजिलो हुन्छ। यो लेखमा अभिभावकहरूलाई स्कुल चयन गर्दा जान्नै पर्ने तत्वहरू उल्लेख गर्ने छु। आशा छ सहयोग पुग्ने छ।
अनुसन्धानले देखाएअनुसार अभिभावकको वा स्कुलको साधन स्रोतको मनग्यताले मात्रै शैक्षिक उपलब्धि ल्याउँदैन। तिनले शैक्षिक प्रक्रियालाई सहज बनाउन मद्दत गर्छन्। तर ती साधनहरू शिक्षा प्रक्रियासँग मेल नखाएमा निष्प्रभावी हुन्छन्।
अनुसन्धान भन्छ – स्कुलको नेतृत्व सबल छ, विद्यार्थी केन्द्रित शिक्षा प्रणाली छ, शैक्षिक संस्कृति एकबद्ध छ, अभिभावक र समुदायको सहभागिता छ भने मात्रै स्रोत साधनले परिणाम ल्याउँछ। स्कुलको वैभवता र प्रतिष्ठा (ब्रान्डिङ) लाई मात्र आधार मान्दा आम अभिभावकहरूले स्कुलको सही चयनमा त्रुटि गर्छन्।
स्कुल चयनको पहिलो आधार हो – त्यहाँका विद्यार्थीका बौद्धिक विकासका लागि निर्माण गरिएको शैक्षिक कार्यक्रम।
शैक्षिक कार्यक्रम अन्तर्गत स्कुलको पाठ्यक्रमको विस्तार, यसको योजना र निरन्तरको मूल्यांकन प्रणाली, तथ्यांकमा आधारित विद्यार्थी प्रगतिका अनुगमन र कार्यान्वयन छन्।
यतिमा मात्र सीमित नभएर असल स्कुलका शैक्षिक कार्यक्रमले विद्यार्थीका सर्वांगीण विकासलाई पनि समेट्छन्। यस्ता स्कुलहरूले स्रोत साधनलाई योजनाबद्ध भएर त्यसमा लगानी गर्छन्।
भौतिक सुविधा वा यसको चम्किलो प्रदर्शनलाई केन्द्रमा राख्ने संस्थाहरू अन्ततः यान्त्रिक बन्ने जोखिम हुन्छ र शिक्षा देखावटी बन्छ। तर भौतिक सुविधाको साथमा स्कुलको दक्षता, प्रभावकारी शैक्षिक कार्यक्रम र त्यसै अनुसारको तालिम प्राप्त शिक्षकहरूका साथ उत्कृष्ट बन्न जान्छ।

'कम लगानीमै हुने निर्माणात्मक मूल्यांकन रणनीति, विद्यार्थीलाई दिइने पृष्ठपोषण र सकारात्मक विद्यार्थी-शिक्षक सम्बन्धले शिक्षालाई खर्च गरेर झल्काइएका विभिन्न सुविधाले भन्दा धेरै प्रभावकारिता ल्याउँछ,' भिजीबल लर्निङका अध्येताहरू भन्छन्।
ओइसिडी अध्ययनले भन्छ – बाह्य स्वरूपमा लगानी केन्द्रित गर्दा प्रतिफल उल्टो पनि आउन सक्छ।
त्यसैले अभिभावकहरूले स्कुल छान्दा त्यसको समग्र शैक्षिक कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ। सँगै, त्यो कार्यक्रमले आफ्नो बच्चाको आवश्यकता सम्बोधन गर्छ कि गर्दैन भन्ने थाहा पाउन अनिवार्य हुन्छ।
यसका लागि पहिले स्कुलको मूल्य, मान्यता र दर्शनका बारेमा जानकारी लिनुपर्छ।
कस्तो शैक्षिक दृष्टिकोण आधारमा स्कुल स्थापना भएको हो, त्यस अनुसार पाठ्यक्रमलाई कसरी योजना गरिएको छ, सिकाइलाई कसरी व्यावहारिक बनाइन्छ, परम्परागत शैलीलाई कसरी समयसापेक्ष परिष्कृत गरिएको छ भन्ने जस्ता प्रश्नहरूले स्कुलको शैक्षिक आधारको ज्ञान दिन्छ।
दोस्रो, शिक्षकको दक्षताबारे पनि थाहा पाउनुपर्छ। शिक्षकको पेसागत तालिम कसरी दिइन्छ, तालिम र स्कुलको दर्शनबीच कत्तिको तादात्म्यता छ, स्कुल कार्यक्रम कसरी लागू गरिन्छ लगायतको प्रमाणका लागि कक्षाकोठा अवलोकन गर्नुपर्छ।
अभिभावकहरूले स्कुल छनोट गर्दा त्यस स्कुलले शिक्षकको पेसागत दक्षतामा गर्ने लगानीलाई नियाल्नुपर्छ। यसको प्रत्यक्ष प्रभाव विद्यार्थीमा पर्छ। कुशल शिक्षकमा जोड दिने स्कुल पछि पर्दैनन्। यस्ता स्कुलहरूले निरन्तरको पेसागत विकासमा प्रशस्त स्रोत साधन खर्च गर्छन्।
शिक्षक-विद्यार्थी अनुपात १:१२ आदर्श मानिन्छ र हरेक कक्षामा २५ भन्दा कम विद्यार्थी हुनुपर्छ। गुणस्तरीय प्रगतिशील विद्यालयमा व्यक्तिगत शिक्षणका लागि यो संख्या १५ सम्म पनि झारिन्छ।
तेस्रो, स्कुलले विद्यार्थी मूल्यांकन गरेका तथ्यांकलाई कसरी प्रयोग गर्छ भन्ने जानकारी राख्नुपर्छ। स्कुल झलझलाउँदो छ, तर शैक्षिक उपलब्धिको तथ्यांक प्रयोग गरेको छैन भने, त्यहाँ स्वप्रेरित भन्दा अन्य विद्यार्थीले प्रगति गर्ने सम्भावना अति न्यून हुन्छ।
थाहा पाउनुपर्ने चौथो तथ्य हो स्कुलको संस्कृति। यसअन्तर्गत स्कुलले विद्यार्थीको पार्श्वचित्र र समावेशी सिकाइको प्रवर्द्धन, सामाजिक-भावनात्मक सीपको विकासका सागै शिक्षक र विद्यार्थीबीचको अन्तरसम्बन्ध जस्ता पक्षहरू छन्।
पाँचौं, स्कुलको शैक्षिक परिणामका सूचकहरूलाई पनि समग्रमा जानकारी लिनुपर्छ। तर यसलाई नै प्रमुख आधारका रूपमा राखेर अन्य तत्वहरूलाई छाँयामा पार्न हुँदैन। जुन स्कुलले तत्कालका परीक्षा परिणामभन्दा विद्यार्थीको दीर्घकालीन हित हुने कार्यक्रमलाई महत्व दिन्छन्, ती उपयुक्त हुन्छन्।
यसका साथै सिकाइ केन्द्रहरू; जस्तै पुस्तकालय, खेलमैदान, संगीत कक्षा, प्रयोगशाला इत्यादिलाई कसरी पाठ्यक्रममा समावेश गरिन्छ भन्ने जानकारी राख्नुपर्छ। शैक्षिक योजनाका ती अभिन्न भाग भए मात्र विद्यार्थीले यस्ता कार्यक्रमका लाभ उठाउँछन्, अन्यथा ती क्रियाकलापमा मात्र सीमित हुन्छन्।
यस्तै, अभिभावकहरूको संलग्नताको संस्कृति कस्तो छ, उनीहरूको भूमिकालाई कुन रूपमा परिभाषित गरिएको छ र त्यसलाई स्कुलले निर्णय प्रक्रियामा वा नीतिमा कसरी समावेश गर्छ भन्ने बुझ्नुपर्छ।
अभिभावकहरूले आफूले चाहेको स्कुलको शिक्षकसँग छलफल गर्न छुटाउनै हुँदैन। गजब देखिने स्कुल छ, तर त्यहाँको अनुदेशात्मक नेतृत्व फितलो छ र शिक्षाको ज्ञान राख्दैन भने, त्यस्ता विद्यालयमा आफ्ना केटाकेटी भर्ना गर्न उचित हुँदैन। स्मरण रहोस्, अनुदेशात्मक नेतृत्व नै स्कुल र विद्यार्थी सफलताको अग्रणी तत्व हो।
विद्यार्थीका चौतर्फी विकासका लागि सह-क्रियाकलापलाई पनि हेर्नुपर्छ। स्कुलले ती क्रियाकलापहरूलाई स्कुल कार्यक्रममा एकीकृत गरेको छ कि छैन भन्ने थाहा पाउनुपर्छ।
उल्लिखित सबै तत्वहरूलाई समग्रतामा राख्नुपर्छ, एकल प्राथमिकतामा मात्रै हेर्न हुँदैन। स्कुलमा यी सबै पक्ष छन् भने, त्यस्ता स्कुलहरू सन्तुलित हुन्छन् र विद्यार्थीको विकासमा महत्वपूर्ण भूमिका खेल्छन्।
साथै, स्कुल छनोट गर्दा कुनले कस्ता पक्षलाई प्राथमिकतामा राखेका छन् भन्ने जानकारी लिनुपर्छ।
उदाहरणका लागि, खेलकुद वा कला सम्बन्धी शिक्षालाई स्कुलले प्राथमिकता दिएको छ र यसमा अत्यधिक समय खर्चिन्छ भने अन्य शैक्षिक पक्ष कमजोर हुन सक्छ, वा यसको विपरीत पनि हुन सक्छ।
बच्चाको रूचि जेमा छ, त्यस्ता कार्यक्रम स्कुलका प्राथमिकतामा छन् भने, त्यो स्कुल आफ्ना नानीहरूका लागि उपयुक्त हुन्छ।
अभिभावकले ख्याल राख्नुपर्ने कुरा के हो भने, बच्चाको जुन पक्ष सबल छ, त्यसैमा केन्द्रित हुनुपर्छ, विशेष ध्यान दिनुपर्छ। त्यस पक्षमा विद्यार्थीलाई थप अभ्यास गराउने विद्यालय भएमा, बच्चाको आवश्यकतासँग मिल्छ र सफलताको सम्भावना उच्च हुन्छ। यो स्कुलको व्यक्तिगत शिक्षण (पर्सनलाइज्ड लर्निङ) कार्यक्रमले गर्छ।
सन्तुलित र उच्च गुणस्तर भएका स्कुलले पनि हरेक विद्यार्थीको सफलतालाई सुनिश्चित गर्छ भन्ने चाहिँ हुँदैन। यसमा अन्य कारक तत्वहरूले पनि भूमिका खेल्छन्। राम्रो स्कुलमा राखिएको छ तर विद्यार्थीमा परिवर्तन आएको छैन भने अन्य विविध कारणहरू हुन सक्छन्।
समताका दृष्टिकोणबाट स्वीकार्न सहज हुँदैन तर प्रशस्त शैक्षिक अनुसन्धानको निष्कर्षमा अभिभावकहरूको चुनौतीपूर्ण सामाजिक-आर्थिक अवस्थाले बालबालिकाको शैक्षिक उपलब्धिलाई प्रत्यक्ष नकारात्मक असर पारेको देखाउँछ।
चुनौतीपूर्ण सामाजिक-आर्थिक अवस्थाले बालबालिकाहरूलाई औसतमा सबल परिवारका भन्दा दुईदेखि तीन वर्ष पछि धकेल्ने अध्ययनले देखाउँछ।
घरको अप्ठ्यारो आर्थिक अवस्था, तनावपूर्ण मातापिता सम्बन्ध, असुरक्षाको अनुभव वा भावनात्मक क्षति भएका विद्यार्थीहरूलाई विद्यालय र दक्ष शिक्षकको समर्थनमा पनि शिक्षा आर्जन गर्न कठिन हुने अध्ययनले देखाउँछ।
यदि अभिभावक समस्याग्रस्त छन् तर स्कुल सन्तुलित छ, वा स्कुल र अभिभावक ठीक छन्, तर विद्यार्थीमा मानसिक समस्या, जस्तै अटिजम वा संस्कारगत त्रुटि छन् भने पनि ती विद्यार्थीहरूको शैक्षिक सफलता न्यून हुन्छ। यस अवस्थामा स्कुलमा उपचारात्मक शिक्षा छ कि छैन भन्ने थाहा पाउनुपर्छ।
सिकाइ कठिनाइ (लर्निङ डिसएबिलिटी) भएको थाहा नहुँदा, जस्तै डिस्लेक्सिया (हिज्जेमा, पढ्नमा बारम्बार त्रुटि हुने) अवस्थालाई विद्यार्थीको लापरबाहीको रूपमा लिँदा, उनीहरूको शैक्षिक प्रक्रिया खल्बलिने हुन्छ। उपचारात्मक शिक्षाले यसलाई सघाउँछ।
अभिभावक र स्कुलको सम्बन्ध सुमधुर नभएमा, अभिभावकहरूले आफ्ना नानी जाने स्कुलका शिक्षकमाथि विश्वास नगरेमा, वा स्कुल र शिक्षकका बारेमा आफ्ना नानीहरूसँग नकारात्मक टिप्पणी गरिरहेमा, विद्यार्थीले आत्मविश्वास गुमाउन सक्छन् र शैक्षिक सफलतालाई विपरीत दिशामा धकेलिदिन्छन्।
उत्कृष्ट स्कुल छ तर विद्यार्थीमा आन्तरिक प्रेरणा वा सिकाइको मूल्यको अभाव छ, भावनात्मक चोटहरूले विक्षिप्त बनाएको अवस्था छ, अभिभावकले दिने समयको अभाव छ, अध्ययनको बानी विकास भएको छैन, घरमा समय व्यवस्थापनको समस्या छ भने पनि विद्यार्थी सफलतालाई असर गर्छ।
'राम्रो विद्यालयमा राखेको छु, हाम्रा नानीहरूको शिक्षाको जिम्मा सबै स्कुललाई नै सुम्पेको छु' भन्ने धारणा राख्ने अभिभावकहरूले पनि विद्यार्थीको सफलता अवरोध गर्छन्।
यस्तै, अभिभावकले स्कुलमा दिने अत्यधिक दबाव वा अपेक्षाले पनि बालबालिकाको शैक्षिक उन्नति प्रतिगमनतिर लम्कछ।
सन्तुलित स्कुल, जसले विद्यार्थीका सामाजिक, भावनात्मक, शारीरिक र बौद्धिक पोषण गर्न सक्छ, तिनले विद्यार्थीको सफलता सुनिश्चित गर्न सक्छन्।

स्कुलको विद्यार्थी सफलतामा अवश्य पनि अहम भूमिका हुन्छ। यो सत्य हो। तर मातापिता, घरपरिवार, र वातावरणको सकारात्मक समर्थनमा मात्रै।
तसर्थ प्रतिष्ठा, श्रेणी, विज्ञापन वा हल्लाका भरमा विद्यालय चयन गर्न हुँदैन। सबै आयामलाई तुलनात्मक विश्लेषण गरी निर्णय गर्नु उचित हुन्छ।
सारांशमा विद्यालय छनोट गर्दा यी कुरामा ध्यान दिनुपर्छ –
विद्यार्थीको आवश्यकता सही रूपमा सम्बोधन गर्न सक्ने।
गुणस्तरीय विद्यार्थी-केन्द्रित शैक्षिक कार्यक्रम र दक्ष शिक्षक भएको।
सबल अनुदेशात्मक नेतृत्व भएको।
अभिभावकलाई सम्मिलित गर्ने।
असल भौतिक संरचना र सुविधा सहितको, विद्यार्थीको सर्वांगीण विकास गर्न सक्ने स्कुल उत्तम हुन्छ ।

# ज्येष्ठ नागरिकप्रतिको दायित्व



• कल्पना नेपाल आचार्य

हरेक वर्ष पुस ११ गतेलाई राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा मनाउने गरिन्छ । यस वर्ष पनि चौथो राष्ट्रिय ज्येष्ठ नागरिक दिवस 'सभ्य समाजको आधार : ज्येष्ठ नागरिकमैत्री घरपरिवार' भन्ने नाराका साथ सरकारी, गैरसरकारी निकायबाट भव्य रूपमा मनाइयो । विडम्बना आस्थाका धरोहरका रूपमा परिचित ज्येष्ठ नागरिक कतै दुर्व्यवहारको सिकार भएका छन् भने कतै वृद्धाश्रममा दिन काटिरहेका छन् । कतै सन्तानको आड, भरोसा, विश्वासमा परी भएको सम्पत्ति सन्तानको नाममा गरिदिँदा सडकमा अलपत्र हुन पुगेका छन् । विडम्बना परिवर्तनको वाहकका रूपमा रहेका ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सिप, क्षमता र अनुभवलाई पुस्तान्तरण गरी समाज परिवर्तनमा उपयोग गर्ने विषय ऐनमा नै व्यवस्था गरिएको छ ।

विश्वमा हाल ज्येष्ठ नागरिक (६५ वर्षमाथिका) को संख्या बढ्दो क्रममा रहेको संयुक्त राष्ट्रसंघले सन् २०२३ मा तयार पारेको प्रतिवेदनमा उल्लेख गरेको छ । सन् २०२१ मा प्रति १० जनामा एक जना व्यक्ति (१० प्रतिशत) ६५ वर्षमाथिको देखाएको छ । प्रतिवेदनले यस्तो जनसंख्या सन् २०५० सम्ममा विश्वभरि नै प्रतिछ जना व्यक्तिमध्ये एक जना ६५ वर्ष (१६ प्रतिशत) भन्दा माथिको हुने अनुमान गरेको छ । सार्क राष्ट्रमा ६० वर्षमाथिको उमेर समूहको जनसंख्या ६.९४ प्रतिशत रहेको तथ्याङ्क छ । नेपालमा पनि ज्येष्ठ नागरिकको जनसंख्याको कुल जनसंख्याको अनुपात बढ्दो छ । विसं २०५८ देखि २०६८ सम्म वार्षिक जनसंख्या वृद्धिदरको तुलनामा ज्येष्ठ नागरिकको वृद्धिदर तीन गुणाले वृद्धि भएको थियो ।

विसं २०६८ देखि २०७८ सम्म आइपुग्दा १० वर्षमा ज्येष्ठ नागरिकको संख्या ३८.२ प्रतिशतले बढेको छ । हाल नेपालमा ज्येष्ठ नागरिकको संख्या कुल जनसंख्याको १०.२१ प्रतिशत अर्थात् २९ लाख ७७ हजार ३१८ छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्भाव्य उमेरको जनसंख्या ५.२३ प्रतिशत रहेको छ । जनसंख्याको वार्षिक औसत वृद्धिदर ०.९२ प्रतिशत रहँदा ज्येष्ठ नागरिकको वार्षिक वृद्धिदर ३.५ प्रतिशत रहेको छ । प्रजननदर घट्दै गइरहेको छ भने औसत आयु बढिरहेको छ । युवापुस्ता पनि बिदेसिने क्रम तीव्र छ । यस अवस्थाले निकट भविष्यमा नै नेपाल पनि वृद्ध समाजमा परिणत हुन सक्ने सङ्केत गर्दछ ।

एकातिर बढ्दो सहरीकरण, औद्योगिकीकरण, आन्तरिक बसाइँसराइ, अध्ययन तथा कामकाजमा व्यस्त जीवनका कारण परिवारमा ज्येष्ठ नागरिक एक्लो हुँदै गइरहेका छन् । स्वार्थपूर्ण भावना र आधुनिक जीवनशैलीका कारण ज्येष्ठ नागरिक सहाराविहीन भएर बाँच्न बाध्य र विवश छन् । ज्येष्ठ नागरिकको अधिकारको संरक्षण र संवर्धन गर्ने जिम्मेवारी स्थानीय तहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको छ । साथै स्थानीय तहले ज्येष्ठ नागरिक सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्थासमेत रहेको छ । ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र स्थापना र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने कार्यविधि, २०७६ रहेको छ । प्रदेश तथा स्थानीय तहमा ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई पालनपोषण वा हेरचाह गर्नका लागि वृद्धाश्रम, दिवा सेवा केन्द्र, त्यस्तै गरी ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५ अनुसार ज्येष्ठ नागरिकको वर्गीकरण गरेको छ । यस अन्तर्गत वरिष्ठ ज्येष्ठ नागरिक, असहाय, अशक्त र एकल ज्येष्ठ नागरिक भनिएको छ ।

आश्रममा रहेका कतिपय ज्येष्ठ नागरिक जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएका र कसैका छोराछोरी विदेशबाट फर्केर घर नआउने भएका जग्गाजमिनमा पनि खेतीपाती गरी खान नसक्ने हुँदा सरकारद्वारा सञ्चालित सुविधासम्पन्न आश्रममा बस्ने चाहना व्यक्त गर्ने ज्येष्ठ नागरिक रहेको पाइन्छ । जीवित देवता समान रहेका बाबाआमालाई घरबाट निकाली वृद्धाश्रम पुऱ्याउने, उचित लालनपालन, स्याहारसुसार नगर्ने, गैरनैतिक चरित्र, गैरजिम्मेवार, यान्त्रिक चरित्र भएका मानवीयता र संवेदनशीलता नभएका सन्तानको मात्रामा वृद्धि हुँदै गएको छ ।

एकातिर विदेशमा बसी स्वदेशमा आमाबाबाको खोजी नगर्ने सन्तानकै कारण ज्येष्ठ नागरिक एक्लो हुँदै गएका छन् । चिन्ताजनक पक्ष त चाहेर या नचाहेरै पनि जिउँदा प्रयोगशाला वृद्धाश्रममा जान विवश र बाध्य भएका घटना रहेका छन् । अर्कातिर घरपरिवार, सन्तानबाट ज्येष्ठ नागरिकमाथि हुने, हेला, घृणा, तिरस्कार, दुर्व्यवहारलगायतका यावत् समस्याले गर्दा हाम्रो मुलुकमा ज्येष्ठ नागरिकका समस्या दिनप्रतिदिन थपिँदै जीवन कष्टकर बन्दै गएका छन् । कुन स्थानका ज्येष्ठ नागरिकको समस्या के कस्तो भनी आवश्यकता पहिचान नै नगरी एउटै बास्केटमा सेवा सुविधा प्रदान गरिएको छ । तीन तहका सरकारले गरेका लोकप्रिय कार्यक्रमले जराधारमा रहेका ज्येष्ठ नागरिकका समस्यालाई सम्बोधन गर्न नसकी जस्ताको तस्तै रहेको छ ।

सरकारले ज्येष्ठ नागरिकको अधिकारको हकहितको संरक्षणका लागि नीतिगत तथा कानुनी, संस्थागत र कार्यक्रमगत व्यवस्था विद्यमान रहेको छ । मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा छोराछोरीको आमाबाबुप्रतिको कर्तव्यबारे विभिन्न व्यवस्था उल्लेख गरेको छ । आज उनै वृद्धवृद्धा आफैँले जन्म दिएका सन्तानबाट हेला, दुर्व्यवहारको सिकार, अपहेलित भएर बाँच्नु परेको छ । उमेर ढल्दै जाँदा झन् पारिवारिक स्नेह, उचित स्याहारसुसार, माया, ममता र सम्मानको खाँचो पर्दछ । विडम्बना अपहेलित, शारीरिक, आर्थिक र यौनजन्य दुर्व्यवहारको सिकारसमेत बन्न पुगेका छन् । संविधानको धारा ४१ ले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था छ । वृद्ध भत्तासमेत छोराछोरीले खाइदिने, आफूखुसी प्रयोग गर्न नपाउने अवस्थासमेत रहेको छ । ज्येष्ठ नागरिकलाई दिनभरि हेरचाह र स्याहारसुसार गर्नका लागि दिवा सेवाको स्थापना गर्ने भन्ने व्यवस्था कानुनमा रहेको छ । धेरै जसो स्थानीय तहले पनि दिवा सेवा केन्द्र स्थापना गरेको देखिन्छ ।

पालो सबैको घुमिफिरी आउँछ भने झैँ ज्ञानका पुञ्ज, जिउँदो इतिहासलाई उचित पालनपोषण, स्याहारसुसार गरी उनीहरूमा भएको अथाह ज्ञानको सागरलाई प्रयोग गर्न सिकौँ र सिकाऊँ । आमाबाबाप्रतिको आफ्नो दायित्व बिर्सने सन्तानलाई कानुनी कारबाहीमा ल्याई उत्तरदायी बनाउन सबैले पहल गरौँ । तिनै तहका सरकारले स्थान अनुसार ज्येष्ठ नागरिकको आवश्यकता पहिचान गरी नीति, योजना कार्यक्रम र बजेटको प्राथमिकतामा राखी ज्येष्ठ नागरिकको मर्यादित जीवनका लागि विशेष जोड दिन आवश्यक छ ।

# प्रकाशमान सिंह कार्यवाहक प्रधानमन्त्री



झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओली थाइल्याण्डको औपचारिक भ्रमण र बिमस्टेकको छैटौं शिखर सम्मेलनमा सहभागी हुन थाइल्याण्ड प्रस्थान गरेपछि कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहलाई दिइएको छ। मन्त्रिपरिषदमा सिंह दोस्रो वरीयतामा भएकोले राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीको अनुपस्थितिमा कार्यवाहक प्रधानमन्त्रीमा सिंहलाई तोकेका हुन् ।

प्रधानमन्त्री ओली थाइल्याण्डको औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्सटेक) मा सहभागी हुन मंगलवार प्रस्थान गरेका छन् । प्रधानमन्त्री ओलीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम उपप्रधानमन्त्री सिंहलाई कार्यवाहक तोकिएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

'राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम प्रधानमन्त्रीको सिफारिसमा उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंहले सम्हाल्ने गरी तोक्नु भएको छ,' राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# निजामती कर्मचारी संगठनद्वारा निःशुल्क स्वास्थ्य शिविर

झापा(प्रस) । हरेक वर्ष बृहत रक्तदान कार्यक्रम आयोजना गर्दै आएको नेपाल निजामती कर्मचारी संगठन झापाले मंगलबार भद्रपुरमा बृहत निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ ।
झापाका सर्वसाधारण नागरिकलाई निःशुल्क उपचार सेवा प्रदान गर्ने उद्देश्यले संगठनले सामाजिक उत्तरदायित्वअन्तर्गत नोवेल टिचिङ हस्पिटल विराटनगरको प्राविधिक सहयोगमा भद्रपुर-१० स्थित वीरेन्द्र नमूना क्याम्पस परिसरमा स्वास्थ्य शिविर आयोजना गरेको राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक अनुज खतिवडाले जानकारी दिए । संगठनका अध्यक्ष हिरण्य न्यौपानेको अध्यक्षतामा सम्पन्न संक्षिप्त समारोहका बीच प्रमुख अतिथि भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलले आफ्नै मुटुको जाँच गर्दै शिविरको उद्घाटन गरेका थिए ।

शिविर उद्घाटनका अवसरमा भद्रपुर नगरपालिकाका उपप्रमुख राधा कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, संगठनका केन्द्रीय उपाध्यक्ष युवाचन्द्र घिमिरे, केन्द्रीय सचिव तेजप्रकाश भण्डारी (टीपी), नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका निवर्तमान अध्यक्ष तथा वीरेन्द्र नमूना क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष टिकाराज ढकाललगायतको सहभागिता रहेको संगठन झापाका सचिव पूर्णचन्द्र मैनालीले जानकारी दिए ।
शिविरमा मुटुरोग, जनरल मेडिसिन, स्त्रीरोग, बालरोग, हाडजोर्नी तथा नसा, नाक कान घाँटी, दन्त रोग, आँखा परीक्षण,शल्यक्रिया चिकित्सा सेवा, रेडियोलोजी, ल्याव परीक्षण सेवा रहेको थियो ।
मुटुरोग विशेषज्ञ डा. रमजेश नेपाल, बाल ,मुटुरोग विशेषज्ञ डा. प्रतिभा यादव, जनरल मेडिसिन विशेषज्ञ डा. जितेन्द्रप्रसाद गुप्ता, हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. प्रनेश चापागाईं, बालरोग विशेषज्ञ डा. कृष्ण यादव, नाक कान घाँटी रोग विशेषज्ञ डा. उत्सव श्रेष्ठ, प्रसुती तथा स्त्रीरोग विशेषज्ञ डा. सुभाष, दन्त रोग विशेषज्ञ डा. सचिन पौडेल, ल्याव टेक्निसियन सरोज चाम्लिङ राई र प्रतिभा वस्ती तथा आँखासम्बन्धी सृष्टी चौधरीले सेवा प्रदान गरेको नोवेल हस्पिटलका मार्केटिङ अफिसर नविन दाहालले जानकारी दिए ।
विरामीहरुलाई परीक्षणअनुसारको औषधि पनि निःशुल्क रुपमा उपलब्ध गराइएको दाहालले बताए ।शिविरबाट ६ सय ८३ सर्वसाधारणले लाभ लिएको संगठनका अध्यक्ष न्यौपानेले जानकारी दिए । त्यसमध्ये अधिकांशले एकभन्दा बढी सेवा लिएको पनि उनले बताए ।

# संसद्को हिउँदे अधिवेशन अन्त्य



झापा(प्रस)। राष्ट्रपति रामचन्द्र पौडेलले संसद् को हिउँदे अधिवेशन अन्त्य गरेका छन्। राष्ट्रपतिले नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८१ साल चैत १९ गते मंगलबार राति १२ बजेदेखि अन्त्य गरेको राष्ट्रपतिका कार्यलयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिइन्।
सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले चैत १९ गते मंगलबार राति १२ बजेबाट हिउँदे अधिवेशन अन्त्यका लागि राष्ट्रपति पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो।
संविधानको धारा ९३ अनुसार संसद् अधिवेशनको आह्वान र अन्त्य मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था रहेको छ। सरकारले ल्याएका ५ वटा अध्यादेश दुवै सदनबाट पारित भएपछि संसदको अधिवेशन नै अन्त्य गरेको हो। सरकारले अब पूर्वबजेट छलफल, नीति तथा कार्यक्रम र बजेट ल्याउने प्रयोजनका लागि बर्खे अधिवेशन बोलाउनेछ।

# १६६ जना नेपाली कैदीलाई यूएईले दियो आममाफी

झापा(प्रस) । संयुक्त अरब इमिरेट्स (यूएई)ले त्यहाँका विभिन्न जेलमा रहेका १६६ जना नेपालीलाई आममाफी दिएको छ । आबुधावीस्थित नेपाली दूतावासले नेपाल सरकारको आग्रहमा १६६ जना नेपाली कैदीहरूलाई यूएई सरकारले आममाफी दिएको जानकारी गराएको हो ।
आममाफी मुस्लिम धर्मावलम्बीको पवित्र पर्व रमजान महिना तथा ईद पर्वको अवसरमा दिइएको दूतावासले उल्लेख गरेको छ ।
यसैगरी परराष्ट्र मन्त्रालयले मानवीय आधारमा प्रदान गरिएको माफीलाई नेपाल-यूएई द्विपक्षीय सम्बन्धको सौहार्दताको प्रतीकका रूपमा लिएको उल्लेख गरेको छ ।
अबुधाबीस्थित नेपाली दूतावासमार्फत सरकारले आममाफीका लागि यूएई सरकारलाई आग्रह गरेको थियो ।

# त्रिभुवन विमानस्थल दैनिक १८ घण्टा सञ्चालन



झापा(प्रस) ।त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मंगलवारदेखि दैनिक १८ घण्टा सञ्चालनमा आएको छ । विमानस्थलको अभिवृद्धिका लागि गत कात्तिक २३ देखि यही चैत १८ गतेसम्म पाँच महिना दैनिक १० घण्टा विमानस्थल बन्द गरेर विमानस्थलको क्षमता अभिवृद्धिअन्तर्गत भौतिक संरचना निर्माणको काम गरिएको थियो ।
मंगलवारदेखि विमानस्थल बिहान ६ देखि राति १२ बजेसम्म खुला रहने विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिए । उनका अनुसार विमानस्थलका ट्याक्सी-वेलाई धावनमार्गसँग जोड्ने लिङ्क वेको निर्माण सम्पन्न भएको छ । समानान्तर ट्याक्सी वे निर्माणको काम भने जारी रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणअन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सी वे', उत्तरतर्फको 'इन्टरनेसनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन'लगायत विस्तारको काम गरिरहेको हो ।

यी काम पूरा गर्न करिब १५ अर्ब रुपैयाँ खर्च हुने आयोजनाले जनाएको छ । हालसम्म ९० प्रतिशत काम सम्पन्न भएको आयोजना प्रमुख दीपेन्द्र श्रेष्ठले बताए । रातिको समयमा गर्नुपर्ने विमानस्थलको भौतिक संरचनाको काम करिब सकिए पनि आयोजनाको सम्पूर्ण काम सक्न करिब डेढ वर्ष लाग्ने आयोजनाले जनाएको छ ।

# आगलागीबाट दुई घर जलेर नष्ट



झापा (प्रस) । इलाम र धनकुटामा भएका आगलागीबाट दुई घर जलेर नष्ट भएको छ ।
मंगलवार बिहान २ बजे इलाम चुलाचुली ३ सुपारीबोटेस्थित चुली जंगलमा लागेको डढेलोको कारण सोही ठाउँ बस्ने ४३ वर्षीय मनबहादुर राईको काठको एक तले टाँडे खाली घरसमेत जलेर नष्ट भएको छ ।

आगलागीबाट घर पूर्णरुपमा जल्दा ६ लाख २० हजार बराबरको क्षति भएको इलाम प्रहरीले जनाएको छ । वडा अध्यक्ष प्रेमकुमार श्रेष्ठले प्रहरी चौकी पेल्टिमारीमा जानकारी गराउनसाथ प्रहरी टोली खटिएर उक्त आगो प्रहरी र स्थानीयको सहयोगमा पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरी निरीक्षक संजिव बोगटीले जानकारी दिए ।
उता मंगलवार बिहान अन्दाजी ८ बजे धनकुटा महालक्ष्मी -२ मुलखर्क बस्ने नन्दकुमार थापाको घरमा आगलागी भएको छ । थापाको ढुंगा माटोले बनेको टिनको छानो भएको दुई तले घरमा बिद्युत सर्ट भई आगलागी भएको हो ।

आगलागीबाट घर आंशिक रुपमा जलेको, घरमा भएको अन्नपात, लत्ताकपडा, काठपात समेत जली नष्ट हुँदा अन्दाजी १ लाख ५० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

# ७३ मेगावट क्षमताको विद्युत उत्पादन ठप्प

झापा(प्रस)। ताप्लेजुङमा निर्माण सम्पन्न भएकामध्ये सबैभन्दा ठुलो हाइड्रोपावर सानिमा मिडल तमोर हाइड्रोपावर लिमिटेडको उत्पादन करिब तीन साता अघिदेखि बन्द भएको छ । ७३ मेगावट क्षमताको हाइड्रोपावरको उत्पादन गत फागुन २८ गतेबाट ठप्प भएको हो ।
आयोजनाको ड्यामसाइडमा मर्मत सम्भारको कार्य जारी रहेकाले विद्युत् उत्पादन बन्द रहेको जनसम्पर्क अधिकृत करण गौतमले जानकारी दिए । उनका अनुसार केही दिनभित्रै विद्युत् उत्पादनको कार्यलाई सुरु गर्ने गरी निर्माणको कार्य तिव्र गतिमा भइरहेको छ ।
बर्खायामको समयमा आएको बाढी पसेर ड्यामसाइडमा क्षति पुर्‍याएको थियो । जसका कारण क्षमता अनुसारको उत्पादन नभएकाले मर्मतको कार्य अघि बढाइएको आयोजनाले जनाएको छ ।
करिब एक वर्ष अगाडिदेखि उत्पादन सुरु गरेको आयोजनाको विद्युत् कोशी कोरिडोर प्रसारण लाइनमा जडान गरिएको छ ।

# भोजपुरमा रेडपान्डा संरक्षण अभियान



झापा(प्रस)। भोजपुरमा पनि लोपोन्मुख हाब्रे 'रेडपान्डा' भेटिन थालेपछि त्यसको संरक्षण अभियान सुरु गरिएको छ ।
रेडपाण्डा संरक्षणका लागि जिल्लाको पश्चिम टेम्केमैयुङ गाउँपालिका र साल्पासिलिछो गाउँपालिकाको एक-एक वडामा रेडपान्डा संरक्षण कार्यक्रम सुरु गरिएको हो ।
विश्वमा नै दुर्लभ मानिएको रेडपान्डा जिल्लामा पनि देखिन थालेकाले यसको संरक्षणका लागि दुई पालिकामा कार्यक्रम सुरु भएको सामूहिक अभियानका अध्यक्ष गणेश श्रेष्ठले बताए ।
रेडपान्डा नेटवर्कसँगको समन्वयमा सामूहिक अभियानले टेम्केमैयुङ-१ र साल्पासिलिछो-५ मा रेडपान्डा संरक्षण अभियान थालिएको छ ।
टेम्केमैयुङको मुन्दुम पदमार्ग आसपासका वन क्षेत्रमा दुर्लभ तथा लोपोन्मुख रेडपान्डा भेटिने गरेको छ । गाउँपालिका-१ को सुम्लिखाको धप्पर एकराते सामुदायिक वन क्षेत्रमा सामूहिक अभियान संस्थाका समुदायमा आधारित रेडपान्डा संरक्षण कार्यक्रमका फिल्ड कर्मचारीका तर्फबाट रेडपान्डा भेटेर तस्बिर खिचेको संस्थाका अध्यक्ष श्रेष्ठले बताए ।

रेडपान्डा संरक्षणका लागि सम्बन्धित निकायसँग जिल्ला तहमा अन्तरक्रिया तथा छलफलका कार्यक्रम सञ्चालन हुँदै आइरहेको संस्थाका महासचिव गणेश प्रधानले बताए । सामुदायिक वनसँग समुदायमा आधारित रेडपान्डा संरक्षण कार्यक्रम सञ्चालन भएको छ ।रेडपान्डा संरक्षणका लागि डिभिजन वन कार्यालय र सम्बन्धित सामुदायिक वनसँग सहकार्य गरिने छ ।

# खानेतेलको मूल्य बढ्यो



झापा(प्रस) । पछिल्लो चार महिनाको बिचमा खानेतेलको भाउ प्रतिलिटर १५ देखि ४० रुपियाँसम्म बढेको छ । नेपालमा उत्पादित तेल भारतमा निर्यात हुने क्रम बढेसँगै नेपाली बजारमा खानेतेलको भाउ बढेको हो । नेपाल खुद्रा व्यापार संघका अनुसार भुटेको तोरी तेलको मूल्य प्रतिलिटरमा ४० रुपियाँ बढेको छ । गएको पुसमा प्रतिलिटर ३७० रुपियाँमा कारोबार भएको भुटेको तोरी तेल यो चैत १५ गते ३५ रुपियाँ बढेर प्रतिलिटरको ४१० रुपियाँ खुद्रा मूल्यमा किनबेच भएको संघले जनाएको छ । संघका अनुसार सो अवधिमा काँचो तोरी तेल प्रतिलिटर ३१० रुपियाँमा पाइएकोमा १५ रुपियाँ बढेर प्रतिलिटर ३२५ रुपियाँमा कारोबार भएको छ । संघका महासचिव अमुलकाजी तुलाधरले नेपालमा प्रशोधन भएको तेल भारतमा आपूर्ति गर्ने प्रवृत्ति बढेका कारण नेपाली बजारमा खानेतेलको मूल्य बढेको बताए । उद्योगीहरूले भने भारतमा निर्यात गरेर मूल्य बढेको नभई विश्वभर नै कच्चा पदार्थको मूल्यवृद्धि भएका कारण थोरै बढेको दाबी गर्दै आएका छन् ।
उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जनले पछिल्लो समयमा नेपालबाट खानेतेलको भारत निर्यात बढेसँगै नेपालमा तेलको मूल्य बढेको बताए । उद्योगीले भारतमा खानेतेल निर्यात भन्सार छुट र अग्रिम भुक्तानी हुने भएकाले निर्यात बढाएकाले यसको असर नेपाली उपभोक्तालाई परेको उनको भनाइ छ । भन्सार विभागका अनुसार पछिल्लो आठ महिनामा करिब ५६ अर्ब बराबरको खानेतेल भारत निर्यात गरेको छ ।
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक कुमार दाहालले खानेतेलको मूल्यवृद्धिका बारेमा विभाग जानकार भएको र अहिले बजारको अवस्था अध्ययन गर्ने काम भइरहेको जानकारी दिए ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — आज भाग्यले विभिन्न अवसर जुराउनेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।

**वृष** — नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** — आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** — धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** — आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** — चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** — आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** — पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** — आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** — आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** — मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** — स्वास्थ्यमा सुधार आउला । शुभ कार्यको चर्चा पनि चल्नेछ ।